# सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापनसम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७८।०४।२४ मा भएको निर्णयानुसार सर्वोच्च अदालतमा (क) गोलाप्रथाद्वारा पेसी व्यवस्थापनसम्बन्धमा अदालतसम्बन्धी नियमावलीहरूमा गर्नपर्ने संशोधन (ख) उल्लिखित प्रयोजनका लागि सफ्टवेयरमा गरिनुपर्ने परिमार्जन (ग) गोलाप्रथाद्वारा पेसी व्यवस्थापनसम्बन्धी आधार, मापदण्ड, कार्यविधि र (घ) सो सम्बन्धमा आवश्यक पर्ने अन्य व्यवस्थापकीय पक्षहरूसमेतको अध्ययनसमेतका कार्यादेशसहित यस अदालतका माननीय न्यायाधीश श्री मीरा खडकाज्यूको संयोजकत्वमा यस अदालतका माननीय न्यायाधीशज्यूहरू डा.आनन्दमोहन भट्टराई, श्री प्रकाशकुमार ढुंगाना, श्री हरिप्रसाद फुयाल र श्री नहकुल सुवेदी सदस्य तथा रजिस्ट्रार श्री नारायणप्रसाद पन्थी सदस्य-सचिव रहेको अध्ययन समिति गठन भएको थियो। सो समितिले कार्यादेशबमोजिम विस्तृत अध्ययन गरी तयार गरेको प्रतिवेदन मिति २०७८।०६।०१ गते शुक्रवार सम्माननीय प्रधानन्यायाधीशज्यू समक्ष समितिमा रहनुभएका माननीय न्यायाधीशज्यूहरू एवं पदाधिकारीज्यूहरूसमेतको उपस्थितिमा समितिका संयोजक माननीय न्यायाधीश श्री मीरा खडकाज्यूबाट पेस भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञप्ती जारी गरिएको छ।

मिति : २०७८।०६।११।०२

बाबुराम दाहाल
प्रवक्ता